आज मिति २०८२/०३/०६ गते शुक्रबारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०८१/०८२ को बाह्रौं गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी देहायनुसारका निर्णयहरू पारित गरियो ।

**उपस्थिति :**

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी…………………………………………………………………

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ……………………………………………………………

३. वडा अध्यक्ष : श्री सन्तोष लिङदेन…………………………………………………………………

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ……………………………………………………………

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ…………………………………………………………

६. वडा अध्यक्ष : श्री धनपति गिरी……………………………………………………………………

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ………………………………………………………………

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ……………………………………………………………

९. वडा अध्यक्ष : श्री धन कुमार लिम्बु…………………………………………………………………

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ……………………………………………………………

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई…………………………………………………………

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मंग्राती………………………………………………………………

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई………………………………………………………………

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ……………………………………………………

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा……………………………………………………………

१६. **सदस्य-सचिव** श्री टोपेन्द्र कुमार लिम्बु …………………………………………………………

१७. कम्प्युटर अपरेटर श्री लक्ष्मी चुहान……………………………………………………………………

१८. कार्यालय सहयोगी श्री दिपेन्द्र योक्पाङ्देन………………………………………………………………

१९. कार्यालय सहयोगी श्री बजिन्द्र कुमार पुरी………………………………………………………………

**प्रस्तावहरु**

१. हालसम्म प्राप्त विभिन्न परिपत्र, निर्देशन, आदेश तथा मागपत्रहरुको जानकारी सम्बन्धमा।
२. हिलिहाङ गाउँपालिको न्यायिक समिति कार्यविधि, २०७५ संशोधन सम्बन्धमा।
३. ब्याक हो लोडर मर्मत बापतको रकम स्वीकृति तथा भुक्तानी सम्बन्धमा।
४. उतिसेनी सिंचाई आयोजना पाईप खरिद सम्बन्धमा।
५. मखुवा जेभाले कुलो मर्मत सम्बन्धमा।
६. मुक्तुरा खोला भुतेनी सिंचाई आयोजना पाइप खरिद।
७. राजस्व परामर्श समितिको प्रतिवेदन, २०८२ स्वीकृति सम्बन्धमा।
८. नीति तथा कार्यक्रम स्वीकृति सम्बन्धमा।
९. आर्थिक विधेयक, २०८२ स्वीकृति सम्बन्धमा
१०.न्यायिक समितिको बार्षिक प्रतिवेदन स्वीकृति सम्बन्धमा।
११.सभाको प्रथम बैठकको कार्यसूची तय गर्ने सम्बन्धमा।
१२.स्थानीय राजस्व परामर्श समितिलाई पुर्णता दिने सम्बन्धमा।
१३. हिमालयन कन्ट्रक्सन प्रा.लिले दाखिला गर्नुपर्ने राजस्व सम्बन्धमा।
१४. २ नं वडा कार्यालय तथा अमरपुर स्वास्थ्य चौकी निर्माण योजना म्याद थप सम्बन्धमा।
१५.पाँचथर क्याम्पसलाई श्रीमतभागवत महापुराण बापतको रकम भुक्तानी सम्बन्धमा।
१६. पाँचसैया अस्पताल म्याद थप सम्बन्धमा।
१७. साम्रे कुलो मर्मत सम्बन्धमा।
१८.आम्बोटे सिचाई पाइप खरिद सम्बन्धमा।

**निर्णय नं. - १**

संघ, प्रदेश तथा जिल्लाका विभिन्न मन्त्रालय, विभाग तथा अन्य कार्यालयहरुबाट यस कार्यालयलाई हाल सम्म प्राप्त भएका निर्देशन, परिपत्र तथा माग पत्रहरु यस कार्यापालिका बैठकमा प्रमुख प्रशासकीय अधिकृतद्धारा वाचन गरी अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष तथा कार्यपालिका सदस्यहरुलाई जानकारी गराईयो । उक्त विविध जानकारी, परिपत्र तथा निर्देशनहरु यसै कार्यपालिका बैठकको माध्यमबाट सम्बन्धित सरोकारवालाहरु सम्म पुर्याईने तथा आवश्यक कार्यान्वयन गर्ने/गराउने निर्णय समेत गरियो ।

**तपसिलः**

| क्र.सं. | च.नं. | मिति | पत्राचार गर्ने निकाय/निर्णय गर्ने निकाय | विषय | कैफियत |
|---|---|---|---|---|---|
| १. | वा.त.वि.व्य/१७७ | २०८२ बैशाख २५ गते | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (वातावरण तथा विपद व्यवस्थापन शाखा) | समन्वय बैठकको निर्णय कार्यान्वयन सहजीकरण सम्बन्धमा । | सहजीकरण गर्ने। |
| २. | १५५ | २०८२-०२-०६ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सामाजिक तथा समावेशीकरण शाखा) | आवश्यक कार्यार्थ। | निर्देशन बमोजिमको गर्ने। |
| ३. | ९३ | २०८१-०२-०५ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह श्रोत परिचालन शाखा) | गैर कानूनी एबं दोहोरो कर सम्बन्धमा। | निर्णय कार्यान्वयन गर्ने। |
| ४. | १९३ | २०८२-०२-१६ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (वातावरण तथा विपद समन्वय शाखा) | मनसुन पुर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ कार्यान्वयन सम्बन्धमा | कार्यान्वयन गर्ने |
| ५. | १६६ | २०८२-०२-२२ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | आवश्यक कार्यार्थ | आवश्यक कार्य गर्ने। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (सामाजिक तथा समावेशीकरण शाखा) | | |
| ६. | वा.त.वि.व्य/१७७ | २०८२-०२-१२ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (वातावरण तथा विपद समन्वय शाखा) | राष्ट्रिय वनको जग्गा प्रयोग गर्ने सम्बन्धमा। | |
| ७. | ३१७ | २०८२-०३-०५ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (वातावरण तथा विपद समन्वय शाखा) | निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा। | निर्णय कार्यान्वयन गर्ने। |

**निर्णय नं. - २**

हिलिहाङ गाउँपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी(, २०७५ दफा ७१ को उपदफा (क) मा भएको व्यवस्थालाई कानून मस्यौदा समितिको सिफारिस बमोजिम देहाय बमोजिम संशोधनको लागि स्वीकृति सहित सभामा पेश गर्ने।

**देहाय :**

**मुल ऐनको दफा ७१ को उपदफा (क) मा संसोधन :** मुल ऐनको दफा ७१ को उपदफा (क) को सट्टा देहायको उपदफा (क) राखिएको छ:-

७१. (क) दफा ७१ मा जुनसुकै लेखिएको भएता पनि मेलमिलापकर्तालाई पक्षहरुबाट उपलब्ध हुन नभएमा पारिश्रमिक वापत प्रति मिलापत्र गरे बापत प्रति व्यक्ति (मेलमिलाप कर्ता) रु.१५००।- का दरले पारिश्रमिक उपलब्ध गराउन सकिनेछ ।

**निर्णय नं. - ३**

यस हिलिहाङ गाउँपालिकाको गाउँ सभाको बर्खे तथा हिउँदे अधिवेशनबाट विनियोजन भएको ब्याक हो लोडर मर्मत शिर्षकबाट रकम स्वीकृत रकमले आवश्यकता बमोजिम व्याक हो लोडर मर्मत गर्न नपुग भएकोले मर्मत खर्च बापतको रकम कन्टीजेन्सी खर्चबाट भुक्तानी गर्ने गरी मर्मत आदेश स्वीकृत गरी भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

**निर्णय नं. - ४**

सुख्खा याममा डढेलोको कारण हिलिहाङ वडा नं ४ स्थीत उतिसेनी सिंचाई आयोजना पाईप डढेर सिंचाइमा समस्या भएकोले यस हिलिहाङ गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषबाट प्राविधिक मुल्याङकनका आधारमा रु.३५०००।- को पाइप खरिद गरि हस्तान्तरण गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

**निर्णय नं. - ५**

हिलिहाङ गाउँपालिका वडा नं ५ स्थीत मखुवा जेभाले कुलो गत सालको अबिरल बर्षाको कारण बर्खा याममा सिंचाई समस्या सिर्जना भएकोले सो कुलो मर्मत गर्नको लागि नापी किताब, प्राविधिक कार्य सम्पन्न प्रतिवेदनका आधारमा प्रकोप व्यवस्थापन कोषबाट रु.१०००००।- भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

**निर्णय नं. - ६**

हिलिहाङ गाउँपालिका वडा नं ५ स्थीत मुक्कुरा खोला भुतेनी सिंचाई आयोजना गत सालको अबिरल बर्षाको कारण हाल बर्खा याममा सिंचाई गर्न समस्या सिर्जना भएकोले सो सिंचाई आयोजना मर्मत गर्नको लागि नापी किताब, प्राविधिक कार्य सम्पन्न प्रतिवेदनका आधारमा प्रकोप व्यवस्थापन कोषबाट रु.१०००००।- ले पाइप खरिद गरि हस्तान्तरण गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

**निर्णय नं. - ७**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ६५ बमोजिम गठित स्थानीय राजस्व परामर्श समितिले आगामी आर्थिक वर्ष २०८२।०८३ को लागि राजस्वका श्रोत, दायरा र दर निर्धारण गरी राजस्व परिचालन संकलनको संम्भाव्यता तथा समस्या समेत उल्लेख गरी तयार गरेको राजस्व परामर्श समितिको प्रतिवेदन, २०८२ लाई परिमार्जन सहित पारित गर्ने।

**निर्णय नं. - ८**

यस हिलिहाङ गाउँपालिकाको आगामी आ.व २०८२।०८३ को नीति तथा कार्यक्रममाथि दफावार छलफल तथा स्वीकृति सहित पारितको लागि गाउँ सभामा पेश गर्ने।

**निर्णय नं. - ९**

आगामी आ.व २०८२।०८३ को लागि आर्थिक विधेयक, २०८२ माथि दफावार छलफल तथा स्वीकृति सहित पारितको लागि गाउँ सभामा पेश गर्ने।

**निर्णय नं. - १०**

हिलिहाङ गाउँपालिकाको न्यायिक समितिले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ४७ ले दिएको अधिकार क्षेत्रको प्रयोग गरी आ.व २०८१।०८२ मा बर्ष भरी सम्पादन गरेको कार्यको विष्तृतिकरण सहित तयार पारेको न्यायिक समितिको प्रतिवेदन स्वीकृति सहित सभामा पेश गर्ने।

**निर्णय नं. - ११**

कोशी गाउँसभा तथा नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ बमोजिम गाउँसभाको अठारौं अधिवेशनको पहिलो बैठकको लागि देहाय बमोजिमको कार्यसूची तय गर्ने।

**देहाय :**

१. अध्यक्ष श्री समर बहादुर अधिकारीद्धारा आ.व २०८२।०८३ को बार्षिक नीति तथा कार्यक्रम सभामा प्रस्तुत गर्नु हुने।
२. उपाध्यक्ष श्री सुमित्रा उप्रेती सेडाईद्धारा आर्थिक विधेयक, २०८२ सभामा प्रस्तुत गर्नु हुने।

३. उपाध्यक्ष श्री सुमित्रा उप्रेति सेडाईद्धारा हिलिहाङ गाउँपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५ पहिलो संशोधन विधेयक, २०८२ सभामा प्रस्तुत गर्नु हुने ।

**निर्णय नं. - १२**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ६५ उपदफा १ बमोजिम गठन गर्नुपर्ने स्थानीय राजस्व परामर्श समितिमा खाली रहेको पदहरुमा देहायको सदस्यहरु थप गरी पुरा गर्ने ।

देहाय:

१. महिला कार्यपालिका सदस्य : श्री गंगामाया विश्वकर्मा
२. घरेलु तथा साना उद्योग प्रतिनिधि : श्री गणेश पोखरेल हिलिहाङ ७ पाँचथर ।

**निर्णय नं. - १३**

स्थानीय राजस्व परामर्श समितिको मिति २०८१।०८।११ गतेको बैठकले श्री हिमालयन कन्ट्रक्सन प्रा.लि ताप्लेजुङले हिलिहाङ क्षेत्रभित्र ढुङ्गा, गिटी तथा वालुवा उत्खनन गरे वापतको राजस्व निर्धारण गरी राजस्व दाखिला गर्नका लागि स्थानीय राजस्व परामर्श समितिले पटक पटक पत्रचार गर्दा पनि राजस्व दाखिला नगरेकोले अब अन्तिम पटकको लागि असार २० गते सम्म राजस्व दाखिला गर्न पालिकाको तर्फबाट पत्रचार गर्ने ।

**निर्णय नं. - १४**

**वडा नं. २ को भवनको लागि**

चालू आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत ठेक्का नं HRM/NCB/WORKS/081/082/01 “Construction of Wada no.2 Administrative Building, Hilihang-02” निर्माण कार्यका लागि ठेक्का आव्हान गरी Greenfield Construction and Suppliers Pvt.Ltd. Tokha-09, Kathmandu, Nepal सँग कार्यालयले मिति २०८१/०८/१२ गते ठेक्का सम्झौता गरी मिति २०८२/०३/०५ गते कार्य सम्पन्न गर्ने ठेक्का सम्झौता भएतापनि निर्माण कम्पनीले २०८२/०२/१३ गते सामाग्री अभाव, हेवाखोलाको पुल नभएको लगायतका समस्याका कारण कार्य सम्पन्न गर्न लाग्ने अवधि खुलाई संशोधित कार्यतालिका तथा म्याद थपका कारण थप आर्थिक दाबी नगर्ने प्रतिबद्धता सहित तोकिएको समयमा काम सम्पन्न गर्न नसकिएको भनी म्याद थपको लागि कार्यालय समक्ष पेश गरेको निवेदनका आधारमा सार्वजनिक खरीद ऐन २०६३ को दफा ५६ र सार्वजनिक खरिद (चौधौं संशोधन) नियमावली, २०६४ को नियम १२० बमोजिम आगामी २०८२।०४।३० गतेसम्म म्याद थप गर्ने ।

**अमरपुर स्वास्थ्य चौकी भवनको लागि**

चालू आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत ठेक्का नं HRM/NCB/WORKS/081/082/02 “Construction of Amarpur Health Post Building” को निर्माणका ठेक्का आव्हान गरी Greenfield Construction and Suppliers Pvt.Ltd. Tokha-09, Kathmandu, Nepal सँग कार्यालयले मिति २०८१/०८/२४ गते ठेक्का सम्झौता गरी मिति २०८२/०३/०५ गते कार्य सम्पन्न गर्ने ठेक्का सम्झौता भएतापनि निर्माण कम्पनीले २०८२/०२/१४ गते सामाग्री अभाव, हेवाखोलाको पुल नभएको लगायतका समस्याका कारण कार्य सम्पन्न गर्न लाग्ने

अवधि खुलाई संशोधित कार्यतालिका तथा म्याद थपका कारण थप आर्थिक दाबी नगर्ने प्रतिबद्धता सहित तोकिएको समयमा काम सम्पन्न गर्न नसकिएको भनी म्याद थपको लागि कार्यालय समक्ष पेश गरेको निवेदनका आधारमा सार्वजनिक खरीद ऐन २०६३ को दफा ५६ र सार्वजनिक खरिद (चौधौं संशोधन) नियमावली, २०६४ को नियम १२० बमोजिम आगामी २०८२।०४।३० गतेसम्म म्याद थप गर्ने।

**निर्णय नं. - १५**

पाँचथर बहुमुखी क्याम्पसले मिति २०८०।११।०२ गते देखि २०८०।११।०९ सम्म सञ्चालन गरेको श्रीमतभागवत महापुराण लगाएको र सोको व्यवस्थापन खर्चको लागि हिलिहाङ गाउँपालिकाले रु.१,११,१११।- रकम सहायता गर्ने भनि प्रतिवद्धता जनाएकोमा उक्त क्याम्पसले समयमा भुक्तानी माग नगरी अघिल्लो आर्थिक बर्षमा भुक्तानी नभएकोले आगामी आर्थिक बर्षको बजेटमा क्याम्पस व्यवस्थापन शिर्षकमा रु.१,११,१११।- बजेट विनियोजन गर्ने।

**निर्णय नं. १६**

पाँच शैया अस्पतालका लागि म्याद थपः

आ.व.२०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत ठेक्का नं HRM/NCB/Works/No-04-078/79, "Construction of 5 Bed Hospital Hilihang Rural Municipality" को निर्माणका लागि बहुवर्षिय ठेक्का आवह्न गरी मिति २०८०/११/२८ गते कार्य सम्पन्न गर्ने गरि मिति २०७८/११/२७ गते श्री एपेक्स-मिसन जे.भी.,काठमाण्डौसँग ठेक्का सम्झौता भएको र निर्माण कम्पनीले मिति २०८०/११/०६ गते सामाग्री अभाव, वर्षातका कारण हेवाखोलामा यातायात अवरुद्ध भएकोले तोकिएको समयमा काम सम्पन्न गर्न नसकिएको भनी म्याद थपका लागि लिखित निवेदन पेश गरेको सोही आधारमा प्रथम पटक सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ र सार्वजनिक खरिद नियमावली २०६४ (बाह्रौं संशोधन) को १२० बमोजिम २०८० असार १० गतेसम्म म्याद थप गरिएको; उक्त अवधीमा निर्माण कम्पनीले सामाग्री अभावले गर्दा काम गर्न नसेको भनी मिति २०८०/०३/०५ गते म्याद थपको लागि निवेदन दिएको तथा उक्त समयमा कार्यालयले समेत निर्माण कम्पनीलाई संघीय सरकारबाट प्राप्त हुनुपर्ने रकम प्राप्त नभएकालोले म्याद थप्न मनासिव देखी दोस्रो पटक सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० बमोजिम २०८० पौष मसान्तसम्म म्याद थप गरिएको; उक्त अवधीमा निर्माण कम्पनीले काम सम्पन्न गर्न नसकी फिदिम नगरपालिका र हिलिहाङ गाउँपालिकालाई जोड्ने हेवाखोलाको मोटरेवल पुल गत असोज १२ गतेदेखि अविरल वर्षाका कारण बगाएकोले समयमै सामाग्री आपूर्ति गर्न नसकेको कारण सहितको मिति २०८१/०९/०८ गते म्याद थपको लागि निवदन पेश गरेकोले उक्त निर्माण कम्पनीलाई तेस्रो पटक सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (बाह्रौं संशोधन) को नियम १२० बमोजिम मिति २०८१/११/२८ गतेसम्मलाई म्याद थप गरिएको; उक्त अवधीमा समेत निर्माण कम्पनीले काम सम्पन्न गर्न नसकी देशमा भएको प्राकृतिक विपत, अविरल वर्षा, निर्माण सामाग्रीको अभाव तथा कार्यालयमा भुक्तानीका लागि बजेट अभाव लगायतका कारण सहितको मिति २०८१/११/०४ गते म्याद थपको लागि निवेदन पेश गरेको हुँदा उक्त निर्माण कम्पनीलाई चौथो पटक सार्वजनिक खरीद ऐन २०६३ को दफा ५६ र सार्वजनिक खरिद (चौधौं संशोधन) नियमावली, २०६४ को नियम १२० (क) विशेष व्यवस्थाको आधारमा आगामी २०८२ मंसिर २९ गतेसम्म म्याद थप गर्ने।

**निर्णय नं. १७**

हिलिहाङ गाउँपालिका वडा नं ३ स्थीत साम्रे कुलो गत सालको अबिरल बर्षाको कारण बर्खा याममा सिंचाई समस्या सिर्जना भएकोले सो कुलो मर्मत गर्नको लागि नापी किताब, प्राविधिक कार्य सम्पन्न प्रतिवेदनका आधारमा प्रकोप व्यवस्थापन कोषबाट रु.२६४२८।- भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

**निर्णय नं. १८**

हिउँदको समयमा वन डढेलोको कारण हिलिहाङ-१ आम्बोटे अमरपुर टोल विकास समितिको सिचाँई पाइप आगलागिमा परी नष्ट भएको हुँदा उक्त क्षेत्र सिंचाई गर्न समस्या सिर्जना भएकोले प्राविधिक कार्य सम्पन्न मुल्याङकन समेतका आधारमा ११०mm (६ के.जी Pressure) पाइप प्रकोप व्यवस्थापन कोषबाट खरिद गरि वितरण गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।